annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३६, पृष्ठ ८ | काठमाडौं, आइतबार २० पुस २०८२ | माघ कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SUNDAY, JANUARY 4, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## राजनीतिक रेस्टुरेन्टको ‘बासी म:म’

एउटा भनाइ छ- हामी कतिपय व्यक्ति रेस्टुरेन्टमा गएर मेनु माग्छौं । सिरानदेखि पुछारसम्म गडेर हेर्छौं । र, अन्त्यमा म:म माग्छौं ।

हरेक चुनावलाई हामी यसैसँग दाँज्ने गर्थ्यौं- मतदाता दलहरूलाई वल्टाई-पल्टाई हेर्छन् । विश्लेषण गर्छन् । अन्त्यमा कांग्रेस-एमालेलाई मत दिन्छन् ।

के यसपालि चुनावी परिकारमा ‘म:म’ नै बिक्ला ? कि मतदातामा चाउमिन, थुक्पा, बर्गर, सिज्लर, पिज्जा वा दाल-भात-तरकारी वा अरू कुनै परिकार चाख्ने भोक जागेको होला ?

आउनुस्, राजनीतिक रेस्टुरेन्टका केही परिकारमाथि विहंगम विश्लेषण गरौं ।

समाचार पृष्ठ २

अखण्ड भण्डारी | काठमाडौं

– को सामयिक विश्लेषण




## विशेष महाधिवेशनको परामर्शमा महामन्त्रीद्वय, मध्यमार्गी बाटो खोज्दै शेखर समूह



राधा खनाल | काठमाडौं

कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशन बोलाउने विषयमा कानुनी र संवैधानिक आधारबारे कानुन व्यवसायीहरूसँग छलफल गरेका छन् ।

पार्टी विधानको व्यवस्था कार्यान्वयन नभए पार्टी र नेतृत्व नै कानुनी जोखिममा पर्न सक्ने खतरा रहेको कानुन व्यवसायीले औंल्याएका छन् । शनिबार भएको छलफलमा उनीहरूले कांग्रेसको विधानमा केन्द्रीय समितिले विशेष महाधिवेशन बोलाउन सक्ने स्पष्ट व्यवस्था भए पनि नेतृत्वले आलटाल गरे महामन्त्रीहरूले प्रक्रिया अघि बढाउन सक्ने सुझाव दिएका छन् ।

छलफलमा वरिष्ठ अधिवक्ताहरू यदुनाथ खनाल, प्रेम खड्का, डेमोक्रेटिक लयर्स एसोसिएसन डीएलएका अध्यक्ष सीताराम केसी र पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेलगायत डेढ दर्जन कानुन व्यवसायीहरूको सहभागिता थियो ।

‘विधानबमोजिम ४० प्रतिशत सदस्यले हस्ताक्षर गरी माग गरेमा सभापति वा केन्द्रीय समितिले विशेष महाधिवेशन बोलाउँदिन भन्न पाउनुहुन्न,’ छलफलमा सहभागी एक कानुन व्यवसायीले भने, ‘त्यस्तो अवस्थामा महाधिवेशनको मोडालिटी अर्थात् नेतृत्व परिवर्तन वा नीतिगत छलफल कुन एजेन्डामा जाने भन्नेमा मात्र विमर्श हुन सक्छ, महाधिवेशन नै रोक्ने अधिकार कसैलाई हुँदैन ।’

वरिष्ठ अधिवक्ता प्रेम खड्काले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ का प्रावधानहरू उद्धृत गर्दै पार्टी विधानविपरीत चलेमा निर्वाचन आयोगले जरिवाना गर्न सक्ने सम्भावना औंल्याएका थिए । उनका अनुसार ऐनको दफा ५४ को उपदफा ५ र ९ अनुसार दलले आफ्नो विधानविपरीत कार्य गरेमा वा दलको हित प्रतिकूल काम गरेमा आयोगले कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्छन् ।

त्यसैगरी, ऐनको दफा १८ अनुसार विधानविपरीतका कार्यक्रमहरू सञ्चालन भएको देखिएमा आयोगले प्रश्न उठाउन सक्ने र नेतृत्व नै कानुनी कारबाहीमा पर्न सक्ने चेतावनी अधिवक्ताहरूले दिएका छन् ।

» बाँकी पृष्ठ ६

# भेनेजुएलामा अमेरिकी आक्रमण, राष्ट्रपति मादुरो नियन्त्रणमा



बीबीसी

अन्नपूर्ण | काठमाडौं

अमेरिकाले दक्षिण अमेरिकी मुलुक भेनेजुएलामा आक्रमण गरेको छ । दुई देशबीचको सम्बन्ध लामो समयदेखि राम्रो थिएन । पछिल्ला केही महिनायता दुई देशबीचको तनाव बढ्दै गएको थियो, कूटनीतिक सम्बन्ध तोड्नेदेखि लिएर एकले अर्कालाई निषेध गर्ने तहसम्मको अवस्था बनेको थियो । यसबीच शनिबार बिहानदेखि अमेरिकाले भेनेजुएलामा आक्रमण गरेको हो ।

भेनेजुएलाको राजधानी कराकाससहित मिरान्डा, अरागुआ र लाग्वाएरा सहरमा अमेरिकाले आक्रमण गरेको हो । अमेरिकी सेनाले भेनेजुएलामा आक्रमण गरी त्यहाँका राष्ट्रपति निकोलस मादुरो र उनकी श्रीमतीलाई कब्जामा लिइएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दाबी गरेका छन् । उनलाई कब्जामा लिनका लागि अमेरिकी सेनाको विशेष बलले अपरेसन गरेको अमेरिकी संचारमाध्यमहरूले जनाएका छन् ।

अमेरिकामा लागुऔषध कारोबार, विभिन्न अपराधमा संलग्न व्यक्ति र समूहसँग मादुरोको सम्बन्ध रहेको र अमेरिकालाई नोक्सानी पुगेका आतंकवादी घटनाहरूमा पनि उनको संलग्नता रहेको दाबी अमेरिकाको रहेको छ । उनलाई कब्जामा लिइएपछि भेनेजुएलामा थप क्षति हुन नदिइने दाबी पनि अमेरिकाको रहेको छ । कब्जामा लिइएका मादुरोलाई अपराधिक घटनामा संलग्न रहेकोमा मुद्दा लगाएर कारबाही अघि बढाइने बताइएको छ ।

अमेरिकाले ठीक ३५ वर्षअघि पानामाका सैन्य नेता म्यानुएल आन्टोनियो नोरिएगालाई यसरी नै पक्राउ गरेको थियो । नोरिगाले १९८० को दशकसम्म पानामा नेतृत्व गरेका थिए, एक समय अमेरिकाको सहयोगी र अमेरिकी गुप्तचर निकायका लागि सूचनादाताको रूपमा काम गरेका उनीपछि अमेरिकाकैविरुद्ध उभिए, विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको भन्दै अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले १९८९ मा पानामा आक्रमण गर्ने आदेश गरे, तत्पश्चात् जनवरी ३, १९९० मा नोरिगा पक्राउ परे, उनलाई २० वर्ष अमेरिकी जेलमा राखियो, पछि उनी अर्को अपराधका लागि पनि दोषी ठहरिए, पानामा गई थप सजाय भोगे, अन्तत: २०१७ मा उनको निधन भयो ।

पानामामा आक्रमण गरेको ३५ वर्षपछि अमेरिकाको मूल भूमिभन्दा करिब ४ हजार ५ सय किलोमिटर टाढा रहेको भेनेजुएलामा अमेरिकी आक्रमण भएको हो । अमेरिकी आक्रमण अघि दुई देशले एकले अर्कोलाई चिढ्याउने गतिविधि गरेका थिए । अमेरिकाले भेनेजुएलाका ३० भन्दा बढी जहाजहरू कब्जाका लिएको थियो । लागुऔषध बोकेको भनिएको जहाजलाई अमेरिकाले कब्जामा लिएपछि भेनेजुएलामा केही अमेरिकी नागरिक पक्राउ परेका थिए । अमेरिकी सेनाले गरेको आक्रमणबाट भेनेजुएलामा के कति क्षति पुगेको छ त्यसको यकिन तथ्यांक भने प्राप्त भएको छैन ।

भेनेजुएलाको तर्फबाट अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूलाई जानकारी गराईअनुसार भेनेजुएलिएन नागरिकसमेत हताहत भएका छन् । भौतिक क्षतिसमेत ठूलो मात्रामा भएको छ । यसबीच, अमेरिकाले भेनेजुएलामा गरेको आक्रमणलाई अन्य देशहरूले पनि प्रतिक्रिया दिएका छन् । रूस, इरान, स्पेन, कोलम्बिया, क्युबालगायतले आक्रमणको विरोध गरेका छन्, संयुक्त राष्ट्रसंघ, युरोपियन युनिएनलाई आक्रमणलाई नजिकबाट हेरेको र अन्तर्राष्ट्रिय कानुनको पालना गर्न आग्रह गरेका छन् ।

भेनेजुएला सबैभन्दा बढी तेल खानी रहेको देश हो । भेनेजुएलाले अमेरिकी कम्पनीलाई बन्देज लगाएको छ भने तेलसमेत अमेरिकालाई नबेच्ने निर्णय लिएको थियो । लामो समयदेखि तेल राजनीतिले कूटनीतिक सम्बन्ध पनि खराब बनेको थियो । भेनेजुएलामा आक्रमण गर्नुअघि अमेरिकाले सामुद्रिक रूपमा उसलाई घेराबन्दीमा राखेको थियो । विभिन्न आइल्यान्डहरूमा आफ्ना युद्धपोतहरू तयार गरेको थियो ।

## अमेरिकाको एरिजोनामा हेलिकप्टर दुर्घटना ४ जनाको मृत्यु

**लस एन्जलस** (एजेन्सी): अमेरिकाको एरिजोनाको पहाडी क्षेत्रमा शुक्रबार एक निजी हेलिकप्टर दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

पिनल काउन्टी शेरिफको कार्यालयले सामाकिस सञ्जाल फेसबुकमा राज्यको राजधानी फिनिक्स नजिकैको सुपिरियर सहरनजिकै हेलिकप्टर दुर्घटना भएको बताएको छ ।

दुर्घटना बिहान ११ बजेतिर भएको थियो, शेरिफको कार्यालयले जनाएको छ । उद्धारकर्मीहरूले हेलिकप्टरको भग्नावशेषमा पुगे र दुर्घटनामा सवार सबै चार जनाको मृत्यु भएको पुष्टि गरे । पीडितहरूमा हेलिकप्टर चालक र एउटै परिवारका तीन महिला सदस्यहरू रहेको जनाइएको छ ।

अमेरिकी एविएसन एडमिनिस्ट्रेसन र राष्ट्रिय यातायात सुरक्षा बोर्डद्वारा अनुसन्धान जारी रहेको शेरिफको कार्यालयले जनाएको छ ।

